# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## क्वालिटि एस्यूरेन्स बोर्ड

लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यविधि २०७३
(पहिलो संशोधन २०७७),

**(Audit Quality Assurance Review Procedure 2073 (First Amendment 2077))**

पो.व.नं. ५२८९
आइक्यान मार्ग, सातदोवाटो, ललितपूर
फोन नं. ५५३०८३२, ५५३०७३०
फ्याक्स नं. ५५५०७७४

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,
# लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यविधि, २०७३

**प्रस्तावना**

नेपाल चाटर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (पाँचौ संशोधन सहित) को नियम १०३ (८) ले गरेको व्यवस्था अनुसार लेखाव्यवसायी तथा लेखाव्यवसायी फर्मको गुणस्तर आश्वस्तता परीक्षण गरी गुणस्तर आश्वस्तता वढाउने उद्देश्यले गठन भएको क्वालिटी एस्युरेन्स बोर्डको कार्य संचालन गर्न नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाको परिषदको मिति २०७३ फागुन १२ गते बसेको २१४औं बैठकले यो कार्यबिधि स्वीकृत गरी लागु गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम नेपालीमा “नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, ©लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यविधि, २०७३ (पहिलो संसोधन २०७७)” र अंग्रेजीमा “The Institute of Chartered Accountants of Nepal, Audit Quality Assurance Review Procedure, 2073 (First Ammendmed 2077” रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ । पहिलो संशोधनले थप गरेको व्यस्थाहरु परिषद बैठकले पहिलो संशोधन स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (संशोधन सहित) ऐन, २०५३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (संशोधन सहित) नियमावली, २०६१ सम्झनुपर्छ ।

(ग) "संस्था" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।

(घ) "परिषद्" भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद् सम्झनुपर्छ ।

(ङ) "बोर्ड" भन्नाले नियमावलीको नियम १०३ बमोजिम गठन भएको क्वालिटी एस्युरेन्स बोर्ड सम्झनुपर्छ ।

(च) "लेखाव्यवसायी फर्म" भन्नाले नियमावलीको नियम ५७ बमोजिम लेखाव्यवसाय संचालन गर्न संस्थामा दर्ता भएको लेखाव्यवसायी फर्म सम्झनुपर्छ ।

(छ) "पुनरावलोकनकर्ता" भन्नाले लेखाव्यवसायी तथा लेखाव्यवसायी फर्महरुको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको लागि बोर्डले तोकेको ©कर्मचारी, व्यक्ति वा फर्म सम्झनुपर्छ ।

(ज) "महाशाखा" भन्नाले लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको निमित्त संस्थाले तोकेको बिभाग सम्झनुपर्छ ।

---

©पहिलो संशोधनद्धारा संशोधित

## ३. लेखापरीक्षण गुणस्तर पुनरावलोकनको उद्देश्य तथा लक्ष्य

लेखा व्यवसायी तथा लेखाव्यवसायी फर्महरुबाट सम्पादन हुने लेखापरीक्षणको गुणस्तर अभिबृद्धि गरी लेखाव्यवसायलाई भरपर्दो र बिश्वसनीय तुल्याउनु लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको मुख्य उद्देश्य रहेको छ । लेखाव्यवसायी र लेखाव्यवसायी फर्महरुले गरेका लेखापरीक्षणको गुणस्तर पुनरावलोकन गरी/गराई गुणस्तरीय रुपमा लेखापरीक्षण सम्पन्न भएको आश्वस्त हुने अभ्यास र परीपाटीलाई हृदयंगम गरी देहायका बिषय समावेश गरी लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गराइने लक्ष्य रहेको छ ।

(क) लेखाव्यवसायी तथा लेखाव्यवसायी फर्महरुले नेपाल गुणस्तर नियन्त्रण मान (NSQC-1) को परिपालना पर्याप्त रुपमा गरे/नगरेको ।

(ख) लेखा व्यवसायी फर्महरुले लेखापरीक्षण गर्दा नेपाल लेखापरीक्षणमान (NSAs) द्वारा निर्दिष्ट व्यबस्थाको पालना गरे/नगरेको ।

(ग) लेखा व्यवसायी फर्महरुले लेखापरीक्षण गर्दा प्रचलिन कानून, ऐन, नियम तथा निर्देशनहरुको पालना गरी लेखापरीक्षण गरे/नगरेको ।

(ङ) गुणस्तर नियन्त्रण व्यवस्थाको निरन्तरता सुनिश्चित भए/नभएको ।

## ४. लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको आधार

क) लेखापरीक्षण गुणस्तर पुनरावलोकनको निमित्त निश्चित आधार समावेश गरी गुणस्तर परीक्षण सूचि (चेक लिष्ट) तथा प्रश्नावली तयार गरिनेछ । परीक्षण सुचि (चेक लिष्ट) तथा प्रश्नावली लेखाव्यवसायी फर्मले सम्पन्न गरेका लेखापरीक्षण एकाइको व्यवसायको प्रकृतिअनुसार सबै वा केही बुँदाहरु परिमार्जन हुन सक्नेछन् । ®गुणस्तर परीक्षण सूची तथा प्रश्नावली चार्टर्ड एकाउन्टेन्ट र दर्तावाला लेखापरीक्षकका लेखाव्यावसायी फर्महरुको लागि छुट्टाछुट्टै हुन सक्नेछन् र सुचिकृत संस्थाहरु र अन्य संस्थाहरुको लेखापरीक्षण गर्ने फर्महरुको लागि समेत गुणस्तर परीक्षण सूची तथा प्रश्नावली छुट्टाछुट्टै हुन सक्नेछन् । लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन पश्चात् गुणस्तर सन्तोषजनक भएको वा नभएको तथा त्रुटिहरु उल्लेखनीय भएको वा नभएको लगायतका समग्र आधारमा मूल्यांकन गरि प्रतिबेदन तयार गरिनेछ । परीक्षण सूची तथा प्रश्नावली बोर्डबाट स्वीकृत गरिनेछ ।

®ख) माथि उपदफा १ मा व्यवस्था भएको परीक्षणसूची तथा प्रश्नावलीलाई समेटी गुणस्तर आश्वस्तता तथा नियमन महाशाखाको प्रयोजनको लागि Quality Assurance Unit Procedures Manual समेत बोर्डले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

---

® पहिलो संशोधनद्धारा थप

## ५. पुनरावलोकनकर्ताको योग्यता

(१) लेखा व्यवसायी फर्महरुको गुणस्तर आश्वस्तता पुनरावलोकनकर्ता हुन पुनरावलोकन सम्वन्धी अभिमुखिकरण कार्यक्रममा सहभागि भएका देहायका ब्यक्ति योग्य हुनेछन् ।

(क) वोर्डका सभापति तथा सदस्यहरु,

(ख) संस्थाका चार्टर्ड एकाउन्टेन्ट कर्मचारी,

(ग) पांच बर्ष कार्य अनुभव भएका संस्थाका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरु तथा "ख" बर्गका दर्तावाला लेखापरीक्षक सदस्यहरु,

(घ) लेखा, लेखापरीक्षण, कस्ट एकाउन्टिङ्ग, वित्तीय व्यवस्थापन वा कर सम्वन्धी बिषय लिई बाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासन स्नातकोपाधि हासिल गरि लेखा वा लेखापरीक्षणमा १० वर्ष अनुभव हासिल गरेको,

(२) माथि बुंदा नं. ५(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका व्यक्तिहरुलाई पुनरावलोकन गर्ने कार्यमा समावेश गरिने छैन ।

(क) संस्थाले प्रदान गरेको पेशागत प्रमाणपत्र बहाल रहेको व्यक्ति,

(ख) लेखा वा लेखापरीक्षण सम्बन्धी अनुशासनको कारवाहीमा परेको वा आरोपित व्यक्ति,

(ग) पुनरावलोकन गरिने फर्ममा साझेदार वा कर्मचारी भइसकेको व्यक्ति,

®(घ) बोर्डले पुनरावलोकन काय गर्न नसक्ने भनी तोकेको व्यक्ति ।

## ६. पुनरावलोकनकर्ताको कर्तव्य

(क) पुनरावलोकनकर्ताले लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको कार्यादेश प्राप्त गरेको ७ दिन भित्र लेखाव्यवसायी फर्मको कार्यालयमा रही कार्य प्रारम्भ गर्नुपर्नेछ र कार्य प्रारम्भ गरेको जानकारी महाशाखालाई दिनुपर्नेछ ।

(ख) पुनरावलोकनको पद्धति र समय तालिकाको बारेमा लेखाव्यवसायी फर्मका प्रमुख वा साझेदारहरुसंग प्रवेश बैठक (Entry Meeting) गर्नुपर्नेछ ।

©(ग) पुनरावलोकन कार्य पश्चात् फर्मका प्रमुख वा साझेदारसंग सुधार गर्नुपर्ने बिषयहरुमा आवश्यक छलफल गर्न वहिर्गमन बैठक (Exit Meeting) गर्नुपर्नेछ ।

©(घ) गम्भीर प्रकृतिका कैफियतहरु तथा सुधार गर्नुपर्ने व्यहोराहरुखुलाएर निर्दिष्ट खाकामा पुनरावलोकन प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

®(घ१)दर्तावाला लेखापरीक्षक सदस्यका लेखाव्यावसायी फर्महरुको सन्दर्भमा सरलीकृत परीक्षण सूचि अनुसार पूनरावलोकन गरी सुधार गर्नुपर्ने बिषयहरुमा आवश्यक छलफल गरी निर्दिष्ट खाकामा फर्मलाई पठाउनुपर्ने पुनरावलोकन प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

---

® पहिलो संशोधनद्धारा थप

© पहिलो संशोधनद्धारा संशोधित

®(घ२) माथि दफा (घ) र (घ१) अनुसारको पुनरावलोकन प्रतिवेदनको समीक्षा गरी महाशाखाले प्रतिक्रियाको लागि लेखाव्यवसायी फर्महरुलाई पठाउनु पर्ने छ । पुनरावलोकन प्रतिवेदन उपर लेखाव्यवसायी फर्मको प्रतिक्रिया प्राप्त भएपछि प्रतिवेदनका मुख्य मुख्य तथा गम्भीर प्रकृतिका कैफियतहरु उल्लेख गर्दै अनुच्छेद १०(क) मा तोकिए बमोजिमको ग्रेडिङ्गसहितको संक्षिप्त प्रतिवेदन तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

©(ङ) पुनरावलोकनकर्ताले बिशेष परिस्थिति परेमा बाहेक कार्यादेश प्राप्त गरेको ३५ दिनभित्र कार्यसम्पन्न गरी महाशाखामा माथि दफा (घ२) अनुसारको संक्षिप्त प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(च) पुनरावलोकनका क्रममा कुनै विवाद वा समस्या परेमा बोर्डको निर्णयानुसार हुनेछ ।

## ७. पुनरावलोकनको प्राथमिकता

(क) धितोपत्र बोर्डमा सुचिकृत कम्पनीहरु (लेखापरीक्षण इकाइ) को लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरुको साधारणतया कम्तिमा तीन बर्षमा एक पटक लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने गरी कार्यमकम तयार गर्नु पर्नेछ ।

(ख) बोर्डले जनशक्ति, आर्थिक स्रोत तथा आवश्यकता समेतलाई विचार गरी अन्य लेखाव्यवसायी फर्महरुको पनि प्राथमिकता कायम गरी लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको कार्य संचालन गर्दै जानेछ ।

(ग) लेखाव्यवसायी फर्म आफैंले लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गरिदिन बोर्डलाई अनुरोध गरेमा बोर्डले निर्धारित शुल्क लिई उक्त फर्मको पुनरावलोकन गर्न सक्नेछ ।

(घ) सरकारी नियामक निकायहरुवाट कुनै लेखापरीक्षण एकाइको लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्म र लेखापरीक्षण एकाईको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गरिदिन अनुरोध भइ आएमा बोर्डले निर्धारित शूल्क लिई सोको समेत पुनरावलोकन गर्ने गरि कार्यक्रम तय गर्न सक्नेछ ।

(ङ) बोर्डले आवश्यक ठानेमा जुनसुकै बखत लेखाव्यवसायी फर्मको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनका लागि छनौट गर्न सक्नेछ ।

## ८. गोप्यता तथा निष्पक्षता

(क) पुनरावलोकनकर्ताले कुनै पनि लेखाव्यवसायी फर्मको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गर्दा निष्पक्षतापूर्वक व्यवसायिक मर्यादा कायम राखी सम्पन्न गर्नु पर्नेछ ।

(ख) लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको क्रममा जानकारी हुन आएका व्यहोराहरु संस्थाले जारी गरेको आचार संहिता अनुसार गोप्य राख्नुपर्नेछ । पुनरावलोकनको क्रममा जानकारीमा आएका तथ्यहरुको गोप्यता भंग गरेमा आचार संहिता उल्लङ्घन गरे सरहको कारवाही अगाडि बढाइनेछ ।

(ग) पुनरावलोकनकर्तालाई लेखाव्यवसायी फर्मसंग तटस्थ रहेको र जानकारीमा आएका विषयवस्तु गोप्य राखिने कुराको घोषणा (Declaration) गर्न लगाइनेछ ।

---

® पहिलो संशोधनद्धारा थप

© पहिलो संशोधनद्धारा संशोधित

## ९. लेखाव्यवसायी फर्मको दायित्व

(क) समय समयमा आफ्नो फर्मको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गराउनु लेखाव्यवसायी फर्महरुको कर्तव्य हुनेछ ।

(ख) लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको लागि महाशाखाले माग गरे बमोजिम लेखाव्यवसायी फर्मले लेखापरीक्षण सम्पन्न गरेका लेखापरीक्षण इकाईहरुको बिवरण उपलव्ध गराउनुपर्दछ ।

(ग) लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यमा सहजताको लागि सम्पर्क व्यक्ति तोकी जानकारी गराउनुपर्दछ ।

(घ) पुनरावलोकनको निमित्त माग भएका प्रतिवेदन तथा बिवरणहरु सात दिन भित्र उपलव्ध गराउनुपर्दछ ।

(ङ) लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको कार्य सम्पन्न गर्नको लागि आवश्यक सहयोग गर्नुपर्दछ ।

®(च) लेखाव्यावसायी फर्मले गुणस्तर पुनरावलोकन प्रतिवेदन प्राप्त भएको मितिले १५ दिन भित्र प्रतिवेदन उपर प्रतिक्रिया पठाइसक्नुपर्ने छ । सो अवधिभित्र जवाफ दिन नसक्ने स्थिति भएमा कारण सहित म्याद थपका लागि महाशाखामा अनुरोध गर्नुपर्ने छ । महाशाखाले मनासिव कारण भएमा बढीमा १५ दिन सम्म म्याद थप गर्न सक्नेछ । यदि सो समय सम्म पनि प्रतिक्रिया नआएमा प्रतिक्रिया बिना नै प्रतिवेदनलाई अन्तिम रुप दिई उक्त व्यहोरा खुलाई आवश्यक पकृयाको लागि बोर्ड समक्ष पेश गरिने छ ।

## १०. महाशाखाको काम कर्तव्य

(क) धितोपत्र बोर्डमा सुचिकृत भएका कम्पनीहरु तथा उक्त कम्पनीहरुको लेखापरीक्षण गर्ने लेखाव्यवसायी फर्महरुको लगत तयार गर्ने ।

(ख) लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन सम्पन्न गरेका फर्महरु तथा उक्त फर्महरुले लेखापरीक्षण गरेका लेखापरीक्षण इकाईहरुको लगत राख्ने ।

©(ग) वार्षिक कार्य योजनाअनुसार लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन गरिने लेखाव्यवसायी फर्महरुलाई पुनरावलोकनको कार्य प्रारम्भ गरिने मितिभन्दा **तीस दिन पूर्व नै जानकारी दिई पुनरावलोकन टोली खटाउन सक्नेछ । तर आवश्यक भएमा बोर्डको स्वीकृतिमा छोटो समयको सुचना दिई पुनरावलोकन गर्न समेत सकिने छ ।** (घ) **पुनरावलोकनकर्ता र लेखाव्यवसायी फर्महरुसंग आवश्यक समन्वय गरी कार्य सुचारु गर्ने/ गराउने ।**

(ङ) पुनरावलोकनको कार्य सुरु गर्नुभन्दा १५ दिन अगावै लेखाव्यवसायी फर्मलाई कार्यक्रमको जानकारी गराई मिति निश्चित गरिदिने ।

(च) पुनरावलोकनको निमित्त आवश्यक प्रशासनिक कार्य गर्ने ।

©(छ) **आवश्यक भएमा** पुनरावलोकनकर्ताहरुको सम्भावित सूची (Roaster) बनाई आवश्यकता अनुसार अभिमुखिकरण गर्ने गराउने ।

---

® पहिलो संशोधनद्धारा थप

© पहिलो संशोधनद्धारा संशोधित

©(ज) पुनरावलोकनकर्ताबाट लेखाव्यवसायी फर्मको ग्रेडिङ्गसहितको संक्षिप्त पुनरावलोकन प्रतिवेदन प्राप्त भए पछि सो प्रतिवेदनको समीक्षा गरी बोर्डको कार्यदल तथा बोर्डमा पेश गर्ने साथै सो को अभिलेख तीन बर्षसम्म सुरक्षित राख्ने ।महाशाखाले बोर्डमा पेश गर्ने संक्षिप्त पुनरावलोकन प्रतिवेदनको ढाँचा **Quality Assurance Unit Procedure Manual** वा बोर्डले समय समयमा तोके बमोजिम हुनेछ । । तर दर्तावाला लेखापरीक्षक सदस्यका लेखाव्यवसायी फर्महरुको सम्बन्धमा प्रतिवेदन पेश गर्ने व्यवस्था यसै कार्यविधिको दफा ६ (ङ) मा उल्लेख भए अनुसार वा बोर्डले तोके बमोजिम हुनेछ ।

(झ) €................*खारेज गरिएको*

©(ञ) लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको कार्य सम्पन्न गर्न कुनै फर्मले सहयोग नगरेमा आवश्यक कारवाहीको लागि **बोर्डमार्फत** परिषदमा सिफारिस गर्ने ।

®१०क. लेखाव्यावसायी फर्महरुको पुनरावलोकनलाई ग्रेडिङ्ग प्रदान गर्नुपर्ने

(१०क१) फर्मको गुणस्तर नियन्त्रण प्रणाली सम्बन्धमा ३० तथा लेखापरीक्षण फाइलको कार्यसम्पादन सम्बन्धमा ७० अकंभार कायम गरी एउटा उपयुक्त मुल्याकंन सूची तयार गरिने छ । उपरोक्तं मुल्याकंन सूचि अनुसार अंक प्राप्त गर्ने लेखाव्यावसायी फर्महरुलाई सामान्यतया निम्नानुसारको ग्रेडिङ्ग प्रदान गर्नुपर्नेछ ।

| क. स. | ग्रेडिङ्ग | प्राप्तांक |
|---|---|---|
| १ | A: सम्पादित कार्य सन्तोषजनक देखिएको (Satisfactory) | ८० वा सो भन्दा माथि |
| २ | B: सामान्य रुपमा स्वीकार्य देखिएको (General acceptable) | ६० वा सो देखि ७९ सम्म |
| ३ | C: सुधार आवश्यक देखिएको (Need Improvement) | ४० वा सो देखि ५९ सम्म |
| ४ | D: गहन सुधार आवश्यक देखिएको । (Need significant Improvement) | ४० भन्दा कम |

तर मुल्याकंन सूचि अनुसार तय गरिएको प्राप्तांक र ग्रेडिङ्गलाई पुनः महत्वपूर्ण कैफियतहरुको असरको आधारमा समेत समीक्षा गरी अन्तिम ग्रडिङ प्रदान गर्नुपर्ने छ । फर्महरुको पूनरावलोकनको ग्रेडिङ्ग सम्बन्बधी विस्तृत व्यवस्था Quality Assurance Unit Procedure Manual मा गरिनेछ ।

(१०क२) दर्तावाला लेखापरीक्षक सदस्यको लेखाव्यवसायी फर्महरुको सन्दर्भमा यो कार्यविधि संशोधन भएको दुई वर्ष सम्म ग्रेडिङ्ग गर्नु नपर्ने र ग्रेडिङ्गको मापदण्ड बनाउन संस्थाको दर्तावाला लेखापरीक्षक क्षमता अभिवृद्धि समितिको संलग्तामा Quality Assurance Board बाट व्यवस्था गरिनेछ ।

(१०क३) उपरोक्त अनुसारको ग्रेडिङ महाशाखाले पुनरावलोकन भएका फर्महरुलाई जानकारी गराउनुपर्ने छैन तर फर्महरुको सुधारको अनुगमनको गर्नको लागि आन्तरिक औजारको रुपमा र लेखापरीक्षण गुणस्तरको समष्टिगत प्रस्तुतीको आधारको प्रयोजनको रुपमा प्रयोग गर्नुपर्नेछ ।

---

©पहिलो संशोधनद्धारा संशोधित

®पहिलो संशोधनद्धारा थप

€पहिलो संशोधनद्धारा झिकिएको

११. <u>प्रतिवेदन उपर कारवाही</u>

©(क) पुनरावलोकनकर्ताबाट लेखाव्यवसायी फर्मको पुनरावलोकन प्रतिवेदन र सो उपर फर्मको प्रतिक्रिया समेत प्राप्त भएपछि भएपछि आवश्यक निर्णयको निमित्त बोर्डमा प्रस्तुत गरिनेछ ।

©(ख) प्राप्त प्रतिवेदनको आधारमा बोर्डले निम्नानुसार निर्णय गर्नुपर्नेछ ।

१. ग्रेड A प्राप्त लेखाव्यवसायी फर्महरुलाईः सम्पादित कार्य सन्तोषजनक भएमा केही गरिरहनु नपर्ने । तर गुणस्तर आस्वस्तता पुनरावलोकन कार्य सम्पन्न भएको जानकारी पत्र पठाउनुपर्ने ।

२. ग्रेड B प्राप्त लेखाव्यवसायी फर्महरुलाई: "सामान्य रुपमा स्वीकार्य प्राप्त" भएमा भविष्यमा सुधार गर्दै जान लेखाव्यवसायी फर्मलाई ध्यानाकर्षण पत्र पठाउने ।

३. ग्रेड C र D प्राप्त लेखापरीप्राप्त लेखव्यवसायीा फर्महरुलाईः सुधार आवश्यक वा गहन सुधार आवश्यक भएका फर्महरुलाई कैफियत उपर अविलम्ब आवश्यक सुधार गर्नको लागि सचेत पत्र पठाउने र **एक बर्षभित्र कैफियतहरुप्रतिको फर्मको कार्ययोजना (action plan) सहितको विवरण पेश गर्न लगाउने वा** ताकेता पुनरावलोकन (follow up review visit) गर्न आवश्यक भए आगामी वर्षको लेखापरीक्षण फाइलको ताकेता पुनरावलोकन गरिने व्यहोरा समेत उल्लेख गरी सचेत पत्र पठाउने ।

४. सचेत गराई ताकेता पुनरावलोकन पश्चात् पनि सुधार नदेखिएमा आवश्यक अुशासन सम्बन्धि कार्यवाहीको लागि परिषदमा सिफारिस गर्ने ।

©(ग) पुनरावलोकन गरिएका लेखाव्यवसायी फर्महरुको ग्रेडिङ्गको विवरण र पुनरावलोकनका क्रममा देखिएका कैफियत र सुधार गर्न निर्देशन दिइएका विषयवस्तुहरु उपयुक्त माध्यमबाट तथा बोर्डको वार्षिक प्रतिवेदनमा समावेश गरी सार्वजनिक गर्न सकिनेछ ।

१२. <u>बोर्डको बैठक</u>

(क) साधारणतया बोर्डको बैठक महिनाको एकपटक बस्नेछ ।

®(क१) बोर्डको बैठकको लागि कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशतसदस्यहरुको उपस्थिति लाई गणपुरक संख्या पुगेको मानिनेछ ।

(ख) बोर्डको बैठकमा सदस्यहरुको राय बाझिएमा बहुमतको राय मान्य हुनेछ ।

(ग) लेखाव्यवसायी फर्म वा उक्त फर्मको प्रमुख वा साझेदारहरुलाई कारवाहीको लागि परिषद्मा सिफारीश गर्ने निणर्य हुंदा कम्तिमा दुई तिहाई सदस्यले निणर्य गरी सिफारिश गरेको हुनुपर्दछ ।

---

® पहिलो संशोधनद्धारा थप

© पहिलो संशोधनद्धारा संशोधित

©(घ) प्रत्येक बर्ष बोर्डले आफूले गरेको कार्यहरु समावेश गरी परिषद्लाई बार्षिक प्रतिवेदन बुझाउनुपर्नेछ । बोर्डले आवश्यकता महसुस गरेमा चौमासिक रुपमा समेत आफ्नो कार्यको प्रगती सहितको प्रतिवेदन पेश गर्न सक्नेछ ।

®(ङ) बोर्डले पुनरावलोकनको प्राविधिक बिषयमा आवश्यक परेको खण्डमा विशेषज्ञको राय लिन सक्नेछ ।

®(च) बोर्डले संस्थाका सदस्यहरुको व्यावसायीक दक्षता, योग्यता, कामको गुणस्तर, प्रदान गर्ने सेवा र कानुनी प्रकृया पालना गराउने सन्दर्भमा परिषद्लाई सुझाव दिन सक्नेछ ।

१३. जनशक्ति तथा बजेटको ब्यबस्था

(क) बोर्डको सचिवालय संस्थामा रहने छ ।

(ख) बोर्डको लागि आवश्यक जनशक्ति र बजेटको व्यवस्था तथा पुनरावलोकन शूल्कको निर्धारण परिषदले गर्नेछ ।

१४. ब्याख्या गर्ने अधिकार

गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यविधिमा कुनै व्यवस्था थपघट गर्ने, व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार परिषद्लाई हुनेछ ।

---

®पहिलो संशोधनद्धारा थप

©पहिलो संशोधनद्धारा संशोधित